# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड १) तिलोत्तमा, माघ महिना १८ गते २०७४ साल (अतिरिक्ताङ्क १९**


**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७४ सालको कार्यविधि नं. ११

### कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७४

**प्रस्तावना :** सामुदायीक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रबर्द्धन गर्न नगरपालिकाका शहरी वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहेको स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कार्यलाई व्यवस्थित गर्न तिलोत्तमा नगर कार्यपालिकाले मिति २०७४/१०/०३ मा स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **"तिलोत्तमा नगरपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७४"** रहेको छ ।

ख) यो कार्यविधि तिलोत्तमा नगरपालिकाको नगरकार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट तिलोत्तमा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

क) **"टोल विकास संस्था" भन्नाले** नगरपालिका अन्तर्गतका प्रत्येक वडाहरुबाट वडा समितिलाई वस्तीस्तरमा रहेका घरधुरी समेटी परिचालन गर्न टोल स्तरमा टोल विकास संस्था मातहत तथा सहयोग गर्न गठन गरिएको संस्थालाई सम्झनु पर्छ ।

ख) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनु पर्छ ।

ग) **"वडा समिति"** भन्नाले वडा अन्तर्गत रहेको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## उद्देश्य, गठन प्रक्रिया र कार्यहरु

३. **उद्देश्य**

**टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।**

३.१ टोल वस्ती स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने,

३.२ टोलवासीहरुमा उद्यमशिलताको विकास गराइ टोल स्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रबर्द्धन गर्ने,

३.३. टोल वस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने,आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

३.४. आर्थिक, सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने,

३.५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

३.६. बस्ती टोल स्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

३.७. टोल विकास संस्थालाई वडा भन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रकृयामा सहभागी गराउने ,

३.८. टोलका सदस्यहरुमा गरिवीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

३.९. टोलको समग्र विकास कार्यक्रमहरुमा क्रियाशिल रहने,

३.१०.वातावरण मैत्री तथा वालमैत्री नगर घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

३.११ न.पा. र वडा समितिबाट घोषित नीति तथा कार्यक्रमहरु र निर्णय, निर्देशनहरु सहजातपुर्वक कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

४. **गठन**

**टोल विकास संस्थाको गठन देहाय बमाजिम हुनेछ :**

४.१ नगरपालिका भित्रका वस्तीहरुको निश्चित भौगोलिक क्षेत्र भित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुबाट कम्तीमा ८० र बढीमा ३५० सदस्यहरु रहेको टोल विकास संस्थाको गठन गरिनेछ ।

४.२. पहिलो पटकका लागि वडा समितिबाट टोल विकास संस्था गठन प्रयोजनका लागि व्यापक भेला आयोजना गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्व सम्मत वा सो नभएमा बहुमतबाट पूनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि दुई वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पून: सोही पदमा लगत्तै दुई वर्षको अवधि व्यतित नभइ नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनु पर्नेछ ।

४.३. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्दछ । यो सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरु मध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४.४. टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूची -१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नु पर्नेछ ।

५. **दर्ता सुचिकृत**

**टोल विकास संस्थाको दर्ता सुचिकृत देहाय बमोजिम हुनेछ ।**

५.१. टोल विकास संस्थाको बैठकमा सर्व सम्मत निर्णय गराई वडा समितिको सिफारिसमा नगरपालिकाले दर्ता सुचिकृत गर्नेछ । टोल विकास संस्थालाई नगरपालिकामा दर्ता सुचिकृत गर्दा पेश गर्ने निवेदनको नमूना अनुसूची-२ मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा नगरपालिकाले अनुसुची ३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण पत्र प्रदान गर्नु पर्नेछ ।

५.२. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा नगरपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

६. **<u>टोल विकास संस्थाको काम</u>**

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

६.१ टोलमा धनी, गरीवको भावना हटाइ सवै सदस्यहरुलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने,

६.२. टोलमा उद्यम विकास सँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजिकरण गर्ने,

६.३. टोलमा सडक, ढल लगायतका पूर्वाधारमा नगरपालिकाको स्वीकृतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने,

६.४. टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने,

६.५. टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा वडा समितिमा सिफारिस गर्ने

६.६. एच.आइ. भि. एड्स, अन्ध विश्वास, वालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने

६.७. टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधिक गर्न सुचना अभिलेख राख्ने ।

६.८. वडा समितिबाट भएका निर्णय र निर्देशनहरु कार्यान्वयन गर्ने ।

६.९. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,

६.१० आफ्नो टोललाई वातावरण मैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने ।

६.११ टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

६.१२ टोलमा रहेका सार्वजनिक, पर्ती, ऐलानी आदि जग्गाको संरक्षण्मा वडा समितिलाई सहयोग गर्ने ।

६.१३ नगरपालिकाको राजश्व परिचालनको लागि सहयोग गर्ने ।

६.१४ संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखा परिक्षण गराउने ।

६.१५ आफ्नो टोललाई लागु औषध र दुर्व्यसन, मद्यपान, धुम्रपान मुक्त क्षेत्र बनाउन पहल गर्ने ।

७. **<u>टोल विकास संस्थाको कार्य समितिको बैठक</u>**

**टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।**

७.१. टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटकमा नघट्ने गरी वस्नेछ ।

७.२. समितिको बैठकमा वडा अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि लाई आमन्त्रण गर्नु पर्नेछ ।

७.३. सचिवले संस्थाको वैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

८. **<u>टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u>**

**टोल विकास संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

८. क. **अध्यक्षको काम कर्तव्य र अधिकार**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकको लागि मिति, समय र स्थान तोक्ने,

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने,

३. बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने,

४. छलफल हुँदा सबैको विचार सङ्कलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने,

५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने,

६. विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ,

७. संस्थाले आर्जन/ प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने,

९. कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**८. ख. उपाध्यक्षको काम कर्तव्य र अधिकार**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरु गर्ने गराउने ।

८. ग. **संस्थाको सचिवको काम कर्तव्य र अधिकार**

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने,

२. एक तिहाई सदस्यहरुले विशेष बैठकको लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने,

३. छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने,
४. संस्थाको क्रियाकलापको वारेमा सदस्यहरुलाई जानकारी गराउने,
५. तोकिएका अन्य कार्य गर्ने ।

८. घ. **संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**
१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने,
२. खर्चको लेखा परिक्षण गराउने,
३. बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने,
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

८. ङ. **संस्थाका सदस्यको काम, कर्तव्य र अधिकार**
१. नगरपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने,
२. संस्थाको हिसाव किताव जाँच गर्ने,
३. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने,
४. आवश्यकता अनुसार संस्था सञ्चालनको लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने,
५. आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने,
६. टोल विकास संस्थाबाट भएका निर्णयहरु कार्यान्वयन गर्न पदाधिकारीहरुलाई सघाउने, ।
७. तोकिएका अन्य कार्यहरु गर्ने ।

९. **आर्थिक व्यवस्थापन**

**संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखापरीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ ।**

९. क. **टोल विकास संस्थाको आम्दानी**
१. नगरपालिका र वडाबाट प्राप्त हुने अनुदान,
२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायीक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान
३. टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी,
४. संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम,
५. संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम

९. ख. **खर्च**

१.टोल विकास संस्थाको कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२. संस्था सञ्चालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नु पर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

९. ग. **बचत**

१.टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको बचत मानिनेछ ।

२. बचत संस्थाको निर्णय अनुसार टोलको विकासको लागि खर्च गरिनेछ ,

९. **घ. लेखा**

**संस्थाको लेखा देहाय बमोजिम हुनेछ ।**

१.संस्थाको खाता अध्यक्ष र सचिव मध्ये कुनै एक र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

२. कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

३. कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाव टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्दछ ।

९. **ङ . लेखा परिक्षण**

**संस्थाको लेखा परिक्षण देहाय बमोजिम हुनेछ ।**

१.वडा समितिले नियुक्ति गरेको लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ ।

२. संस्थाले आफ्नो वार्षिक लेखा परिक्षणको प्रतिवेदन सम्बन्धित वडा समिति र नगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## विविध

१०. **विविध**

१०.१. यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरु सँग बाझिएमा बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

१०.२. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको नगर कार्यपालिकाको निर्णयानुसार फुकाइनेछ ।

१०.३. यो कार्यविधि लागू हुन पूर्व टोलको विकासका सिलसिलामा भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

## अनुसूची १
## कार्यविधिको दफा ४ को उपदफा ४ सँग सम्बन्धित
## ...... विकास संस्थाको विधान

**प्रस्तावना**

स्थानीय रुपमा उपलब्ध  श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपूरकको रुपमा विकसित गरी गरिवी न्यूनिकरणका प्रयासमा ठोस योगदन पुऱ्याउने, सहभागीतात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो वडाको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न प्रत्येक वडा समितिलाई वस्तीस्तरमा रहेका घरधुरी समेटी परिचालन गर्न टोल स्तरमा टोल विकास संस्था स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले यो विधान स्वीकृत गरी लागू गरिएको छ ।

**१. प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ**

क. यो विधान ...... टोल विकास संस्थाको विधान हुनेछ ।

ख. यो संस्थाको नाम ...... हुनेछ ।

ग. यो विधान ....... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेट ।

घ. यस संस्थाको कार्यालय ........... हुनेछ ।

ङ. यस संस्थाको सिमाना देहाय बमाजिम हुनेछ ।

पूर्व .......................... पश्चिम .......................

उत्तर ......................... दक्षिण ........................

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

१. संस्था भन्नाले ....... टोल विकास संस्थालाई सम्झनुपर्छ ।

२. विधान भन्नाले टोल विकास संस्थाको विधान सम्झनुपर्छ ।

३. साधारण सभा भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. समिति भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनुपर्छ ।

५. बैठक भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।

६. पदाधिकारी भन्नाले कार्य समितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई सम्झनुपर्छ ।

७. वडा समिति भन्नाले तिलोत्तमा नगरपालिका वडा नं. .... का वडाध्यक्ष र सदस्यलाई सम्झनुपर्छ ।

**३.संगठित संस्था हुने :**

क. संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख. संस्थाले चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ती विक्री गर्न भने पाउने छैन । संस्था विघटन भएमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्ती वडा समितिमा हस्तान्तरण हुनेछ ।

## ४. संस्थाका उद्देश्यहरु

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

(क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) वडा समितिको अनुमति लिई टोलका व्यक्तिहरूको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुर्‍याउने ।

(ग) नगरपालिका र वडा स्तरबाट स्थानीय स्तरका विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय समुदायका व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्‍याउने ।

(घ) वडा समितिबाट माग भइ आएका सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सहयोग पुर्‍याउने ।

ङ) नगरपालिका र वडा कार्यालयले तोकेका अन्य कार्यहरु गर्न सहयोग पुर्‍याउने ।

## ५. टोल विकास कार्य समितिको गठन

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र पदाधिकारीहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ । कार्य समितिको संख्या ९ देखि १५ सम्मको हुनेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी

सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तमि ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

६. **संस्थाका कार्यहरू :**

टोल विकास संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन् :

१. नगरपालिका र वडा कार्यालयबाट प्राप्त हुने नीति निर्देशन र निर्णयहरु कार्यान्वयन गर्ने ।

२. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

३. संस्थाका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

४. टोलमा आइपरेका समस्याहरू समाधान गर्न एकअर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

५. उपलब्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

६. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरूलाई चेतना अभिवृद्धि गर्ने ।

७. आफ्नो टोल तथा सार्वजनिक स्थलमा बृक्षारोपण गर्ने,

८. आफ्नो टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

९. टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका बिषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१०. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिका र वडा समितिबाट प्राप्त सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

११. आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

१२. हरित शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१३. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१४. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि अभियानमा सहयोग गर्ने ।

१५. टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिका र वडा समितिलाई सहयोग गर्ने ।

१६. संस्थाको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१७. वडा स्तरमा योजना तर्जुमा, योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन कार्यमा सक्रिय सहभागी हुने ।

१८. नगरपालिकासँग भएको समझदारी र प्राप्त निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने ।

**७. सदस्यता**

संस्थामा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने**

देहायको अवस्थामा सदस्यता रहने छैन :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगर्ने सदस्यको हकमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यलाई सफाइ दिने अवसरबाटबञ्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि**

संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछ :

(क) वडा समितिको बैठकले टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकांश घरधुरीहरूको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरूले गरेको सर्वसम्मत वा बहुमतको निर्णयको आधारमा एक-एक जना अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरू सदस्य हुनेछन् ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको नियमित बैठक बोलाउने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरू लागु गर्ने र गर्न लगाउने ।

६) सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने ।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

८) बैठकमा वडा समितिका पदाधिकारीलाई आमन्त्रण गर्ने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने गराउने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।

६) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

७) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आय व्यय दुरुस्त राख्ने ।

२) संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।

३) बैंकमा संयुक्त रूपमा खाता संचालन गर्ने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

१) नगरपालिका वडा समितिसँग भएको साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गर्नुपर्ने कामहरू गर्ने ।

२) संस्थाको हिसाबकिताब चेक गर्ने ।

३) संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने ।

४) संस्था संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने ।

५) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ :

१) संस्थाको सम्पूर्ण सदस्यहरू रहेको एक साधारण-सभा हुनेछ ।

२) साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३) साधाण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(ख) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(ग) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(घ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(ङ) संस्थाको विधान संशोधन गर्ने ।

(च) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।

(छ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था**

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ :

- सदस्यताबाट प्राप्त शुल्क ।
- नगरपालिका र वडा समितिबाट प्राप्त हुने अनुदान ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात् विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद गरेको चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

**१४. कार्य समिति तथा पदाधिकारीको राजीनामा**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा उपाध्यक्ष मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजम हुनेछ ।

**१५. कार्य समितिलाई आविश्वासको प्रस्ताव**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरूउपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरूले विशेष साधाणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विविध**

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरूको दुईतिहाइ बहुमतले विधान संशोधन हुनेछ । यसरी संशोधन भएको विधान नगरकार्यपालिकाले स्वीकृति गरे पछि मात्र लागु हुनेछ ।

(ख) यो विधान लागू हुनु पूर्व यस टोलको विकासका लागि गरिएका कार्यहरु यसै विधान बमोजिम भएको मानिनेछ ।

**अनुसूची-२**
**कार्यविधिको दफा ५(१) सँग सम्बन्धित**
**टोल विकास संस्थालाई नगरपालिकामा दर्ता गर्ने**
**निवेदनको नमुना**

मिति :...................

**श्रीमान् नगर प्रमुख ज्यू,**
**नगर कार्यपालिको कार्यालय**
**तिलोत्तमा नगरपालिका, रुपन्देही**

**विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा संचालित वडा नं........... को ..................... टोलमा गठन गरिएको ....................................... टोल विकास संस्थालाई यस नगर कार्यपालिका कार्यालयमा दर्ता/सूचिकृत गरिदिनुहुन अनुरोध गर्दछु। यस ....................... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

पूर्व सिमाना :.................................
पश्चिम सिमाना :...........................
उत्तर सिमाना :..............................
दक्षिण सिमाना :............................

निवेदक
...............................

**अध्यक्षको नाम :**
टोल विकास संस्थाको नाम :
ठेगाना :
सम्पर्क नं.:

**अनुसूची-३**
**कार्यविधिको दफा ५ (१) सँग सम्बन्धित**
**तिलोत्तमा नगर कार्यपालिकाको कार्यालय, रुपन्देही**

**प्रमाण-पत्र**

तिलोत्तमा नगरपालिका वडा नं.............. स्थित ............................ मा गठन भएको ..................................................... टोल विकास संस्थालाई यस कार्यालयमा मिति ........... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस नगर कार्यपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

.......................
नगर प्रमुख

**आज्ञाले**
**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मितिः २०७४/१०/१८**